श्री ५ को सरकार

# गृह पञ्चायत मन्त्रालयको

## सूचना

स्थानीय प्रशासन ऐन, २०२८ (संशोधन सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले साबिक भइरहेको केही अञ्चल एवं जिल्लाहरूको सिमाना देहायबमोजिम हेरफेर गरी नयाँ सिमाना कायम गरेको छ ।

सिमाना हेरफेर

| जिल्ला | गाभिन आउने गा. पं. वा क्षेत्र (गाउँ) | पञ्चायत संख्या | कुन जिल्लाबाट गाभिन आउने | अन्त गाभिन जाने गा. पं. | पञ्चायत संख्या | कुन जिल्लामा गाभिन जाने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. सिराहा | बन्दीपुर भेग (गाउँ) | | धनुषा | मलहनिया | १ | धनुषा | सिराहा जिल्लाको पश्चिमी साँध कमला कायम गरिएकोमा धनुषा जिल्लाको बन्दीपुर भेगलाई सिराहा जिल्लामा गाभिएको छ । |
| . गुल्मी | भगवती र मर्याङ गा. पं. मा पर्ने कुडापानी परेपोखरी, सिस्नेमार र आँपढुङ्गा, उत्तर काँडा बुटाकुरी, अड्बिसे, ठूलो चेकनी, बालकोट भुबनपानी लमडाँडा, गोवाले र बर्दबास गाउँहरू । | | अर्घाखाँची | | | | यसमा उत्तर काँडा, बालकोट र ठूलो चेकनी गाउँहरू भएको डाँडोलाई सिमाना कायम गरी यी तीनै बटा गाउँ र यसको उत्तर पानी ढलोमा पर्ने गाउँहरू समेत माथि लेखिएको सम्पूर्ण |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | गाउँहरू गुल्मीमा मिलाई ती गाउँहरू अर्खले र तम्घाँस गा. पं. मा गाभिएको छ। |
| ३. बाग्लुङ् | ग्वालीचौर जलजला र तुमङ्डा | ३ | गुल्मी | | | | |
| ४. बाजुरा | दर्मा गा. पं. को धामी गाउँ र सानी खेत आदि गाउँहरू | | अछाम | | | | अछाम जिल्लाको दर्मा गा.पं. अन्तर्गतको धामी गाउँ सानी खेत आदि गाउँहरू बाजुरा जिल्लाको छतारा गा. पं. मा गाभी ती दुबै जिल्लाको सिमाना काँसागाड नै कायम गरिएको छ। |
| ५. मोरङ | दुहुवी आदर्श गा. पं. को १, २, ३ नं. वडा | | सुन्सरी | | | | सुन्सरी जिल्लाको दुहुवी गा. पं. को १,२,३ नं. वडाहरू बूढीनदी पारी मोरङ्ग जिल्लाको टन्टी सिनवारी गा. पं. मा पस्न गएकोले ती ३ वडालाई मोरङ्ग जिल्लाको टन्टी सिनवारी गा. पं. मा गाभी बूढीनदी दुबै जिल्लाको (प्राकृतिक) सिमाना कायम गरिएको छ। |

३५४

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. म्याग्दी | भुरुङ (तातोपानी) गा. पं. | १ | मुस्ताङ | | | | |
| ७. गुल्मी | फूजा गा. पं. को (डाँडाबारी, लेबासी र ठक्सेसा गाउँहरू) | | प्यूठान | | | | प्यूठान जिल्लाको फूजा गा. पं. अन्तरगतका डाँडाबारी, लेवासी, ठक्सेसा गाउँहरू गुल्मी जिल्लाको अगलुङ्ग गाउँ पञ्चायतमा गाभिएको छ । |
| ८. गुल्मी | मिङखाल गा. पं. अन्तर्गतको राजबारी र लिलिङ समेतका गाउँहरू | गाउँहरू | बाग्लुङ | | | | यसमा कलगास गाउँदेखि दक्षिणको पूर्वतर्फ बगी बडीगाड खोलासंग मिल्ने खोलालाई बाग्लुङको साँध मानी बडीगाउँ खोलालाई प्राकृतिक साँध कायम गरिएको छ । |
| ९. हुम्ला | रुगिन गा. पं. को बोडी गाउँ माथिको जोली साँधु भेग | | बाजुरा | | | | हुम्ला र बाजुरा जिल्लाको सिमाना कुवाडी खोला कायम गरिएको छ । |
| १०. सर्लाही | छतौन, सेडवा, भिरजा हथियौल | ३ | रौतहट | | | | रौतहटको छतौन, सेडवा, र भिरजा हथियौल ३ गा. पं. सर्लाहीमा गाभी सर्लाही र रौतहटको |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सिमाना वाग्मती नदी कायम गरिएको छ। |
| ११. सर्लाही | गंगाप्रिप्रा पञ्चायतको (इनरवा बेख गाउँ) | | रौतहट | | | | रौतहट जिल्लाको गङ्गा प्रिप्रा गा.पं. को इनरवा बेख गाउँलाई सर्लाहीको खेरवा भोग्लाही गा.पं. मा गाभिएको छ। |
| १२. झापा | पाराखोपी र जयपुर बुधबारे | २ | इलाम | | | | |
| १३. दार्चुला | मर्मती गाउँ | | बैतडी | | | | लटीनाथ मार्मापुरै पञ्चायत बैतडीबाट दार्चुलामा गाभिन गएकोले मर्मती गाउँ पनि दार्चुलामा नै गाभिएको कुराको पुनः पुष्ट्याई गरिएको छ। |
| १४. काठमाडौं | नाङ्ले भारे गाउँ पञ्चायतको काठमाडौं उपत्यका (पश्चिम) तर्फ फर्केको भाग | | काभ्रे | | | | काठमाडौं जिल्लाबाट काभ्रेपलाञ्चोक जिल्लामा गाभिन गएको नाङ्ले भारे गाउँ पञ्चायतको इलाकामध्ये काठमाडौं |

३५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | उपत्यकाको (प–श्चिम) तर्फ फर्केको भाग काठमाडौं जिल्लामा गाभिएको छ । |
| १५. मुगू | गल्फादरा अन्तर्गतका पञ्चायतहरू | | हुम्ला | | | | हुम्ला जिल्लाको गल्फादरा अन्तर्गतको पञ्चायतहरू मुगू जिल्लामा गाभिएको छ । |

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड २३ मिति २०३०।१०।१५ संख्या ४१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित नारायणी अञ्चल हेटौंडा नगर पञ्चायतको लागि जग्गा प्राप्तिसम्बन्धी यस मन्त्रालयको सूचनाको दोस्रो प्रकरणमा रहेको कि. नं. ३८ बाट १–०–० (एक विगहा) जग्गा बढी भएकोले फुकुवा गर्ने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

३८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।